गलकोटपत्र

'स्थानीय सञ्चार, समुदायका लागि शक्ति र अवसर'

Galkotpatra Weekly — साप्ताहिक

❍ वर्ष १६ ❍ अङ्क ३३ ❍ २०८३ कात्तिक ०५ गते सोमबार ❍ नेपाल संवत ११४६ ❍ 26 October 2026, Monday ❍ पृष्ठ ६ ❍ मूल्य रु. ८



मन्त्री लम्सालबाट स्थलगत निरीक्षण

गलकोटपत्र/हटिया

नेपाल सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री सुनिल लम्सालसहितको उच्चस्तरीय टोलिले गलकोट नगरपालिकामा बाढीले पुऱ्याएको क्षतिको स्थलगत निरिक्षण गरिएको छ ।

गत असोज ११ गते दरमखोलामा आएको बाढीबाट प्रभावित बनेका गलकोट क्षेत्रका विभिन्न बस्तीहरूको भौतिक मन्त्रालयको उच्चस्तरीय टोलीले स्थलगत निरीक्षण गरिएको हो ।

उच्चस्तरीय टोलिमा नेपाल सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री सुनिल लम्साल, बागलुङ क्षेत्र नं २ का संघीय सांसद सदस्य सोम शर्मा, जिल्ला प्रशासन कार्यालय बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्य तथा गलकोट नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरे सहित स्थानीय जनप्रतिनिधि लगायतको संयुक्त टोलीले बाढीबाट क्षति पुगेका भौतिक पूर्वाधार र प्रभावित क्षेत्रको प्रत्यक्ष अवलोकन गरेको हो ।



निरीक्षणका क्रममा मन्त्री लम्सालले बाढीका कारण पुगेको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित नागरिकहरूलाई सरकारको तर्फबाट आवश्यक कार्यसम्पादन हुने र तीनै तहको समन्वयमा उद्धार तथा पुनर्निर्माणको काम अगाडी बढाईने बताए । "विपदको यस कठिन घडीमा संघ, प्रदेश र स्थानीय तह जनताको साथमा छ," मन्त्री लम्सालले भने, "अवरुद्ध बनेका सडक, खानेपानी तथा अन्य पूर्वाधारहरूको तत्काल मर्मत-सम्भार गरी जनजीवन सामान्य बनाउन सरकार प्रतिबद्ध छ ।"

बागलुङ क्षेत्र नम्बर २ का संघिय सांसद प्रतिनिधिसभा सदस्य सोम शर्माले विपद् व्यवस्थापन र पुनर्निर्माणका लागि संघीय, प्रदेश र स्थानीय सरकारबीच चुस्त समन्वय हुनुपर्नेमा जोड दिए । स्थलगत निरीक्षणका क्रममा गलकोट नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरेले दरमखोलामा आएको बाढीले

»» बाँकी पृष्ठ ४ मा.

गलकोट क्वीजको मासिक शृङ्खला

गलकोटपत्र/हटिया

सामुदायिक रेडियो गलकोटमा गलकोट क्वीजको मासिक शृङ्खला कार्यक्रम सम्पन्न भएको छ ।

गलकोट नगरपालिकाको आर्थिक सहयोग, शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वय र सामुदायिक रेडियो गलकोटबाट सञ्चालित गलकोट क्वीजको मासिक शृङ्खला कार्यक्रम सम्पन्न भएको हो ।

असोज महिनामा सञ्चालित साप्ताहिक शृङ्खलामा विजेता बनेका आधारभुत तहका ४ र माध्यमिक तहका २ जना विद्यार्थीलाई सामुदायिक रेडियो गलकोटको स्टुडियोमा प्रत्यक्ष उपस्थित गराएर प्रतियोगिता सञ्चालन भएको थियो मासिक शृङ्खलामा आधारभूत तहबाट जनहित माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्वर ७ को कक्षा ७ मा अध्ययननरत असम थापा र माध्यमिक तहबाट खरुवा माध्यमिक विद्यालय गलकोट नगरपालिका वडा नम्वर ४ को कक्षा ५ मा अध्ययनरत शिक्षा थापा बिजेता बनेको सामुदायिक रेडियो गलकोटले जनाएको छ ।

साप्ताहिक शृङ्खलाका बिजेताहरुलाई मासिक शृङ्खलामा सहभागी बनाउने र मासिक शृङ्खलाबाट बिजेता बनेकालाई वार्षिक शृङ्खला ग्राण्ड फिनालेमा सहभागी बनाई प्रतिस्पर्धा गराइने नगर शिक्षा अधिकृत शिव खड्काले जानकारी दिए ।

गलकोट नगरपालिका भित्र तथा रेडियोको पहुँच पुग्ने ठाउँसम्म आधारभूत र माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुलाई रेडियो प्रश्नोत्तर तथा शैक्षिक कार्यक्रमबाट बौद्धिक विकास विषयगत सिकाइ दरमा बृद्धि तथा विभिन्न आयोगको तयारी पुऱ्याउने उद्देश्यले गलकोट क्वीज कार्यक्रम सञ्चालन गरिएको खड्काले बताए ।

गलकोट नगरपालिका भित्रका विद्यालयबाट विषयगत प्रश्नपत्र सङ्कलन गरी प्रश्नपत्र निर्माण समितिले प्रश्न निर्माण गर्ने र प्रत्येक हप्ताको शनिवार विहान १०:१५ देखि ११ बजेसम्म आधारभुत तहका विद्यार्थिका लागि र अपरान्ह ४:१५ देखि ५ वजेसम्म माध्यमिक तहका लागि रेडियो गलकोटबाट विषयगत हाजिरीजवाफ प्रतियोगिता तथा शैक्षिक कार्यक्रम सञ्चालन भइरहेको कार्यक्रम गलकोट क्वीज सञ्चालन समितिका उप संयोजक वीर बहादुर चोखालले बताए ।

चौथों गलकोट दशैं उत्सव

गलकोटपत्र/हटिया

समाज कल्याण युवा क्लवको २६ औं वार्षिकोत्सव तथा चौंथो गलकोट दशैं उत्सव २०८३ सम्पन्न भएको छ ।

युवाको एकता आजको आवश्यकता भन्ने नाराका साथ समाज कल्याण युवा क्लव गलकोट नगरपालिका वडा नं. ३ हटियाको २६ औं वार्षिकोत्सव तथा चौंथो गलकोट दशैं उत्सव २०८३ सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै गलकोट नगरपालिकाका नगर उपप्रमुख फमलाल निउरेले युवाहरू समाज परिवर्तनका संवाहक भएकाले सामाजिक विकास, खेलकुद, कला-संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने बताए ।

उनले युवाहरू एकताबद्ध भएर समाजमा सकारात्मक परिवर्तन ल्याउन लाग्नुपर्नेमा जोड दिँदै यस्ता कार्यक्रमले आपसी सद्भाव, भाइचारा र सामाजिक एकता मजबुत बनाउने विश्वास व्यक्त गरे ।

मेलाको अवसरमा आयोजना गरिएको खुल्ला वडा स्तरिय पुरुष भलिबल प्रतियोगितामा घुम्टे युवा परिवार प्रथम भएको छ भने, पिरामिड कन्स्ट्रक्सन हड्कङ् द्वितीय भएको क्लवले जनाएको छ । प्रतियोगितामा प्रथम भएको घुम्टे युवा परिवारले १ लाख ५१ हजार, ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने द्वितीय हुन सफल पिरामिड कन्स्ट्रक्सन हड्कङ्ले १ लाख १ हजार, ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । भेट्रान्स वडा स्तरिय पुरुष भलिबल प्रतियोगिता

»» बाँकी पृष्ठ ४ मा.

मातृ तथा बाल स्वास्थ्य पुस्तिका

गलकोटपत्र/हटिया

बागलुङ जिल्लामै पहिलोपटक गलकोट नगरपालिकामा मातृ तथा बाल स्वास्थ्य पुस्तिका परियोजना सञ्चालनमा ल्याइएको छ ।

गर्भवती महिला, सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य अवस्थाको नियमित निगरानी, स्वास्थ्य सेवाको निरन्तरता र स्वास्थ्य सम्बन्धी विवरण व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने उद्देश्यले परियोजना सुरु गरिएको हो ।

गलकोट नगरपालिकाको आयोजना र जाईका नेपालको सहकार्य र समन्वयमा मातृ तथा बाल स्वास्थ्य पुस्तिकाको प्रभावकारी कार्यान्वयनका लागि पैरवी तथा शुभारम्भ कार्यक्रम सम्पन्न भएको छ ।

गलकोट नगरपालिकामा सुरु गरिएको मातृ तथा बाल स्वास्थ्य पुस्तिका परियोजनामा जापानको संस्था जाईका नेपालले सहकार्य तथा समन्वय गरेको छ । परियोजनामार्फत मातृ तथा बाल स्वास्थ्य सेवाको गुणस्तर सुधार, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि तथा आमा र बच्चाको स्वास्थ्य सुरक्षा सम्बन्धी सचेतना बढाउने अपेक्षा गरिएको छ ।

मातृ तथा बाल स्वास्थ्य पुस्तिकाले गर्भावस्थादेखि सुत्केरी अवस्था र बालबालिकाको प्रारम्भिक उमेरसम्मका आवश्यक स्वास्थ्य विवरण एकै ठाउँमा अभिलेख राख्न सहयोग पुऱ्याउँछ । यसमा गर्भवती आमाको स्वास्थ्य परीक्षण, रक्तचाप, पोषण अवस्था, प्रसूति सेवासम्बन्धी विवरण तथा नवजात शिशुको स्वास्थ्य अवस्था, वृद्धि विकास र खोपसम्बन्धी जानकारी व्यवस्थित रूपमा राख्न सकिन्छ । यसले आमा र बच्चाको स्वास्थ्य अवस्थाबारे समयमै जानकारी लिन तथा आवश्यक स्वास्थ्य सेवा पहिचान गर्न सहज बनाउँछ ।

पुस्तिकाको नियमित प्रयोगबाट गर्भावस्थामा गराउनुपर्ने स्वास्थ्य परीक्षण, सुरक्षित प्रसूति सेवा, सुत्केरीपछिको जाँच, नवजात शिशुको हेरचाह र बालबालिकालाई दिनुपर्ने खोप तथा पोषण सेवाबारे जानकारी प्राप्त गर्न सकिन्छ । स्वास्थ्य संस्थामा जाँदा यसअघि गरिएका परीक्षण र उपचारको विवरण उपलब्ध हुने भएकाले स्वास्थ्यकर्मीलाई आवश्यक सेवा प्रदान गर्नसमेत सहज हुन्छ । यसले स्वास्थ्य सेवामा निरन्तरता कायम गर्न, सम्भावित स्वास्थ्य जोखिमको समयमै पहिचान गर्न र आमा तथा शिशुको स्वास्थ्य सुरक्षामा

»» बाँकी पृष्ठ ४ मा.

स्वास्थ्य स्वयंसेविकालाई सम्मान

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ५ हरिचौरमा २८ वर्षसम्म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका रूपमा सेवा पुऱ्याएकी डम्मर कुमारी जैसीलाई सम्मानसहित बिदाइ गरिएको छ ।

गलकोट नगर अस्पतालले जैसीले समुदायको स्वास्थ्य क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै उहाँलाई बिदाइ गरेको हो ।

वि.सं. २०५५ सालदेखि २०८३ सालसम्म स्वास्थ्य सेवामा सक्रिय जैसीले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा विपन्न परिवारको स्वास्थ्य र जनचेतना अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन ।

घरदैलोमा पुगेर स्वास्थ्यसम्बन्धी जानकारी दिने, गर्भवती तथा सुत्केरी महिलालाई परामर्श प्रदान गर्ने, बालबालिकाको स्वास्थ्य र पोषणबारे सचेतना फैलाउने तथा खोप र सरसफाइ अभियानमा सहजीकरण गर्ने काममा उनी निरन्तर सक्रिय थिइन । स्वास्थ्य संस्था र स्थानीय समुदायबीच सेतुका रूपमा काम गर्दै उहाँले धेरै परिवारलाई समयमै स्वास्थ्य सेवा लिन प्रेरित गरेका थिए ।

व्यक्तिगत जीवनका कठिनाइ र पारिवारिक जिम्मेवारीका बीच पनि समाजसेवामा निरन्तर लागेकी जैसी २७ वर्षकै उमेरमा एकल महिला बनेकी थिइन । जीवनमा अनेकौं चुनौती आए पनि उनले समुदायको स्वास्थ्य सेवाप्रतिको जिम्मेवारीलाई निरन्तरता दिएकी थिइन ।


गलकोट नगर अस्पतालका प्रमुख डा. राजेश पौडेलले जैसीको लामो सेवायात्राको प्रशंसा गर्दै उनले समुदायको स्वास्थ्य सुधारमा पुऱ्याउनुभएको योगदान महत्त्वपूर्ण रहेको बताए । उनले जैसीको

»» बाँकी पृष्ठ ४ मा.

गलकोट अफसेट प्रेस

उच्च गुणस्तरीय छपाई र उत्कृष्ट ग्राहक सेवाको लागि सदैव हामीलाई विश्वसनीय साथीको रूपमा सम्झनुहोस् । गलकोट नगरपालिका-३ क्याम्पसगेट, हटिया, बागलुङ


अफसेट छपाई


व्यानर छपाई


सेल्फ स्टयाम्प


टाइपिङ, फोटोकपी



टी-शर्ट प्रिन्ट


लेमिनेसन

विवाह कार्ड छपाई गर्ने ठाँउ !

ग्राफिक्स डिजाइन

कार्यक्रमका प्रमाण-पत्र, व्याच, मायाको चिनो, फ्रेम, मेडल, ट्रफी, लगायत सम्पूर्ण सामाग्रिहरु पनि उपलब्ध छन् ।

प्रो. ज्ञान खड्का सागर

फो. ०६८-४१७०७१, ९८५७६७७३७१

नयाँ नेपाल निर्माणको लागि ग्रामीणमुखी पत्रकारिता

सम्पादकीय

पुनर्स्थापनामा साझा जिम्मेवारी

वि.सं. २०८३ साल असोज ५ देखि ११ गतेसम्म परेको अविरल वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढीपहिरोले ठूलो जनधनको क्षति पुऱ्याएको छ । यस प्राकृतिक विपत्तिबाट बागलुङ जिल्लाको क्षेत्र नं. २ पनि नराम्ररी प्रभावित भएको छ । विशेषगरी बागलुङ निर्वाचन क्षेत्र नं. २ अन्तर्गतका गलकोट नगरपालिकालगायत विभिन्न स्थानीय तहमा बाढीपहिरोले जनजीवन अस्तव्यस्त बनाएको छ। कतिपय परिवार घरबारविहीन भएका छन् भने सडक, पुल, खानेपानी, सिँचाइ, विद्युत्, विद्यालय तथा अन्य सार्वजनिक संरचनामा क्षति पुगेको छ । यस दु:खद परिस्थितिमा प्रभावित नागरिकको उद्धार, राहत र दीर्घकालीन पुनर्स्थापना राज्यको पहिलो प्राथमिकता बन्नुपर्दछ । नेपाल सरकारले बागलुङ निर्वाचन क्षेत्र नं. २ अन्तर्गत गलकोट नगरपालिका लगायत ६ वटा स्थानीय तहलाई विपद्ग्रस्त क्षेत्र घोषणा गर्नु सकारात्मक कदम हो।

विपद्ग्रस्त घोषणा गर्नु मात्र समस्याको समाधान होइन । घोषणालाई व्यवहारमा उतार्दै प्रभावित नागरिकले तत्काल राहत, सुरक्षित आवास र पुनर्निर्माणको अनुभूति गर्न पाउनु आवश्यक छ । विपत्तिका बेला गरिने आश्वासनभन्दा परिणाममुखी कार्ययोजना र त्यसको प्रभावकारी कार्यान्वयन महत्त्वपूर्ण हुन्छ । बाढीपहिरोले घरबास गुमाएका परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु अहिलेको प्रमुख आवश्यकता हो । जोखिमयुक्त बस्तीको भूगर्भीय अध्ययन गरी सुरक्षित स्थानको पहिचान, आवश्यक जग्गाको व्यवस्थापन तथा स्थायी आवास निर्माणमा सरकारले विशेष ध्यान दिनुपर्दछ। पुनर्स्थापना भनेको घर निर्माण मात्र होइन् नागरिकको जीविकोपार्जन, शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात र रोजगारीको सुनिश्चितता पनि हो । त्यसैले पुनर्स्थापनाका कार्यक्रम एकीकृत र दीर्घकालीन हुनुपर्दछ । यस कार्यमा संघीय सरकारको भूमिका नीतिगत, आर्थिक र प्राविधिक दृष्टिले महत्त्वपूर्ण रहन्छ। संघीय सरकारले आवश्यक बजेटको व्यवस्था, विशेष राहत प्याकेज, क्षतिग्रस्त राष्ट्रिय तथा रणनीतिक सडकको पुनर्निर्माण र सुरक्षित बस्ती विकासका लागि स्पष्ट योजना ल्याउनुपर्दछ। त्यसैगरी गण्डकी प्रदेश सरकारले प्रदेशस्तरीय पूर्वाधार, स्वास्थ्य सेवा, कृषि पुनरुत्थान तथा जोखिम न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ । स्थानीय सरकारले भने वास्तविक पीडितको पहिचान, क्षतिको यथार्थ विवरण संकलन, राहतको न्यायोचित वितरण तथा पुनर्स्थापना कार्यक्रमको प्रत्यक्ष अनुगमन गर्नुपर्दछ।

विपद्ग्रस्त क्षेत्र घोषणा गर्नु सरकारको जिम्मेवारीको सुरुवात हो, अन्त्य होइन। बाढीपहिरो प्रभावित नागरिकलाई सुरक्षित आवास, आधारभूत सेवा र सम्मानजनक जीवनयापनको वातावरण उपलब्ध गराउनु राज्यको दायित्व हो। संघीय सरकार, गण्डकी प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले आवश्यक बजेट, स्पष्ट समयसीमा र प्रभावकारी अनुगमनसहित पुनर्स्थापनाको काम तत्काल अघि बढाउनुपर्दछ। विपद् प्रभावित नागरिकको जीवनमा आशा र भरोसा फर्काउन सक्नु नै तीनै तहका सरकारको वास्तविक सफलता हुनेछ। बाढीपहिरो पीडितलाई आश्वासन होइन, सुरक्षित पुनर्स्थापना चाहिएको छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

बागलुङ जिल्ला कोड नं. ०६८

जिल्ला प्रशासन्: ५२०१३३/५२०२३३
प्रहरी :- ५२०१५५/५२०२१५/१००
धौ.अ.प्र.का.- ५२०१५३/५२०१०५/५२०३०१
जिल्ला ट्राफिक प्रहरी :- ५२०३५५
बागलुङ कारगार:- ५२०२६७
नेपाली सेना :- ५२०२००
अञ्चल अस्पताल :- ५२०२८८/५२०१८८
रक्त सञ्चार केन्द्र :- ५२०२७३
नेपाल रेडक्रस सोसाईटी:- ५२०१६५
आँखा असपताल :- ५२०१३७
जि.स.स.:- ५२०१४४/५२०१४८/५२०४०५
विद्युत प्राधिकरण :- ५२०२२०/५२०१७७
बस टिकट काउण्टर-चिप्लेटी) :- ५२११३२
जीप टिकट काउण्टर :- ५२११४०
दुरससञ्चार:- ५२०१११/५२०२२२/५२०२४४
डि.सहकारी का. :- ५२०३०२
ई.प्र.का. हरिचौर :- ४११०५५
ई.प्र.का. तारा :-५८५१०००७५८
हटिया प्रहरी चौकी :- ५८५७६५०१५८
नरेठाँटी प्रहरी चौकी: ५८०८४६३६०४
ग.प्रा.स्वा.के. हरिचौर :- ४११०८८
गलकोट एफ.एम.:- ४१२०४३
जिप काउण्टर हटिया:- ४१२०८८
जिप काउण्टर हरिचौर:- ४११०३६
बस काउण्टर हटिया:- ४१२०५५

गलकोट नगरपालिका:-
प्रमुख:- ५८५७६४०७५१
उप-प्रमुख:- ५८५७६२०८८४
गलकोट नगरपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ५८५७६४८८८१
वार्ड नं.२:- ५८५७६२७२२२
वार्ड नं.३ :- ५८४७६६२५११
वार्ड नं.४:- ५८५७६४०८४६
वार्ड नं.५:- ५८४७७२०६६५
वार्ड नं.६:- ५८६१२५६३६५
वार्ड नं.७:- ५८५७६२२५२१
वाड नं.८:- ५८५७६२११११४
वार्ड नं.९:- ५८५७६२२८४२
वार्ड नं.१०:- ५८५७६२२१०८
वार्ड नं.११:- ५८५७६२५११५
प्रमुख प्र. अधिकृत:- ५८५७६४८१११
ताराखोला गाउँ पालिका
अध्यक्ष:- ५८५७६२३५०१
उपाध्यक्ष:- ५८४७६६५१६०
ताराखोला गाउँपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ५८५७६६११२१
वार्ड नं.२:- ५८५७६६११२२
वार्ड नं.३ :- ५८५७६६११२३
वार्ड नं.४:- ५८५७६६११२४
वार्ड नं.५:- ५८५७६६११२५
प्रमुख प्र. अधिकृत:- ५८५७६६१११९

प्राणको आधार अन्न



भवानी खतिवडा

दुङ्गेयुग हुँदै कृषि र पशुपालनतर्फ फड्को मारेको मानिसले पारिवारिक तथा सामाजिक जीवन अपनायो । यसै क्रममा खाद्यान्न उत्पादन र सुरक्षाका लागि उसले गँड्यौला तथा मौरी जस्ता प्रकृति र कृषिका मित्रजीवको महत्व बुझ्न थाल्यो । मान्छे क्रमशः भौतिक विकासको युगमा प्रवेश गर्दै गयो । जनसङ्ख्याको वृद्धि पनि तीव्र हुँदै गयो । खाद्यान्नका स्रोतको सीमितता बढ्दो मानव समुदायका अगाडि चुनौती बन्न थाल्यो । विशेष गरी अविकसित र विकासोन्मुख मुलुकवासीलाई अनिकाल र भोकमरीले दु:ख दिन थाल्यो । अनिकालले सताएपछि बल्ल मान्छेमा अनिकालमै पनि बिउ जोगाउनु पर्छ भन्ने चेतना जागृत भयो ।

स्वस्थ र गुणस्तरीय जीवनको पहिलो सर्त नै पौष्टिक र स्वस्थ खाना हो । कुनै पनि मुलुकको सर्वाङ्गीण विकास र समृद्धिको पहिलो सर्त स्वस्थ मानव पुँजी नै हो । खाद्य सुरक्षाको अवधारणा व्यक्ति, परिवार, समाज र राष्ट्रको बहुआयामिक अवधारणा हो । यो मानव जीवनको सुरक्षासँग मात्र सम्बन्धित नभई मुलुकको सिङ्गो विकास प्रणालीसँग पनि सम्बद्ध रहने विषय हो । खाद्य सुरक्षा भन्नाले खाद्यवस्तुको उत्पादन, वितरण, उपलब्धता, पहुँच र उपयोगको ज्ञानसमेतको संयोजित रूप हो । प्रत्येक व्यक्तिले आफ्नो आवश्यकता अनुसार पर्याप्त, स्वच्छ र पोषणयुक्त खाना अविच्छिन्न रूपमा उपयोग गर्न पाएको अवस्था नै व्यावहारिक रूपको खाद्य सुरक्षा हो ।पर्याप्त रूपमा उपलब्ध भइकन पनि आममानिसमा त्यसको उपभोग गर्ने आर्थिक सामर्थ्य छैन भने त्यसलाई खाद्य सुरक्षा भएको भन्न मिल्दैन । खाद्यवस्तु माथि पहुँच भइकनै पनि त्यसमा निहित पोषकतत्व कायम राखेर आवश्यकताबमोजिम उपभोग गर्न सकेको छैन भने पनि त्यो अवस्थालाई खाद्य सुरक्षाको अवस्था हो भन्न मिल्दैन । सन् १९९६ मा भएको विश्व खाद्य सुरक्षाको शिखर सम्मेलनले पनि (१) खाद्यवस्तुको भौतिक उपलब्धता, (२) खाद्यवस्तुमा भौतिक र आर्थिक पहुँच र (३) समुचित उपयोग जस्ता तीन वटा आयामलाई खाद्य सुरक्षाको मानकका रूपमा परिभाषित गऱ्यो । त्यो सम्मेलनको निष्कर्षले भन्छ- खाद्यवस्तुको वितरण पनि न्याय र समानताको आधारमा हुनु पर्दछ । कसैलाई गाँसमाथि गाँस र कसैलाई भोकभोकै बासको अवस्था निम्तिन दिनु हुँदैन ।

बेलाबखत आउने बाढी, खडेरी, सुनामी, अनावृष्टि जस्ता प्राकृतिक विपत्ले विश्वमा खाद्य सङ्कटको अवस्था सिर्जना गरेको छ । खाद्य सुरक्षाको अवधारणाले जुनसुकै कारणबाट निम्तिने विपत्, द्वन्द्व र युद्ध जस्ता आपत्कालीन अवस्थामा पनि खाद्य सुरक्षाको सुनिश्चित गर्नुपर्ने कुराको वकालत गरेको छ । खाद्य सुरक्षा प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मान्छे धनी होस् वा गरिब, कोही पनि खान नपाएर मर्ने अवस्था आउनु हुँदैन भन्ने मान्यता यो अवधारणाले राख्दछ । नेपालमा पनि सम्पूर्ण नागरिकका लागि खाद्य सुरक्षाको प्रबन्ध गर्न नीतिगत र संस्थागत व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा- ३६ ले प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक सुरक्षित गरेको छ ।

कृषि विकास रणनीति- (२०१५-२०३५), बहुक्षेत्रीय पोषण योजना- तेस्रो शून्य भोकमरी चुनौती राष्ट्रिय कार्ययोजना- (२०१६-२०२५), राष्ट्रिय कृषि नीति- २०६१, आपूर्ति नीति- २०५८, राष्ट्रिय खाद्य स्वच्छता नीति- २०७६ जस्ता नीति तथा कार्यक्रमका माध्यमबाट भोकमरी र कुपोषण अन्त्य गर्ने, कृषि उत्पादकत्व बढाउने, दिगो खाद्य उत्पादन प्रणाली सुनिश्चित गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेकै छ । १६ औँ योजनाले पनि खाद्य सुरक्षा र पोषण सुरक्षालाई उच्च प्राथमिकता दिएको छ । यति धेरै प्रयासका अतिरिक्त नेपालको झन्डै ४० प्रतिशत जनसङ्ख्या दैनिक रूपमा चाहिने दुई हजार २७५ क्यालोरी बराबरको खाद्यवस्तु उपभोग गर्नबाट वञ्चित छन् । करिब ४१ प्रतिशत बालबालिका कुपोषणबाट पीडित छन् । सन् २०२४ मा विश्व भोकमरी सूचकाङ्कमा ६८ औँ स्थानमा रहेको नेपाल सन् २०२५ मा अझ चार स्थान खस्किएर ७२ औँ स्थानमा झरेको छ । नेपाल भौगोलिक विविधताका हिसाबले संसारकै सबैभन्दा धनी मुलुक हो । उष्ण प्रदेशीय भूभागदेखि शीतोष्णसम्मको हावापानी भएको हाम्रो देशका तराई, पहाड र हिमाली भेगमा अन्नबाली, दलहन, तेलहन, तरकारी र फलफूलखेती तथा पशुपन्छी र माछापालन गर्न सकिने अनन्त सम्भावना छन् । पशुपाललनलाई कृषि प्रणालीसँगै एकीकृत रूपमा विकास गर्न सके हाम्रै खेतबारीमा पनि मज्जाले कृषि उत्पादन बढाउन सकिन्छ । यसो गर्नु किन पनि जरुरी छ भने नेपालका लागि खाद्य सुरक्षाको चुनौती सरलरेखीय नभई बहुआयामिक र जटिल प्रकृतिका पनि छन् । देशको भौगोलिक विकटता, सिँचाइ सुविधाको अभाव, माटोको उर्वराशक्तिमा भइरहेको ह्रास, गरिबी, स्रोतसाधनको सीमितता, अनियन्त्रित विषादी प्रयोगले मित्रजीवको सङ्ख्यामा पुगिरहेको क्षयीकरण र पहुँचको असमानता आदि अनेकौं कारणले कृषि उत्पादनमा अपेक्षित प्रगति हुन सकेको छैन ।

जलवायु परिवर्तनको समस्या अहिलेको जल्दोबल्दो वैश्विक समस्या हो । जलवायु परिवर्तनको समस्याले वर्षाको याम, मात्रा र स्वभावमा परिवर्तन गराइरहेको छ । जैविक विविधतामा ह्रास आइरहेको छ । अकल्पनीय प्राकृतिक विपत् पनि निम्तिरहेका छन् । जलाधारको स्तर क्रमशः घटिरहेको छ । पानीका मूल सुकिरहेका छन् । यो समस्याबाट भाग्न सम्भव पनि छैन । आगामी दशकमा वैश्विक तापक्रम अझै बढ्ने छ, जसले कृषि उत्पादनमा सबैभन्दा ठुलो असर पार्ने पक्कापक्की छ । अब हामीले पनि परिवर्तित जलवायु तथा भौगोलिक विविधता अनुकूलका बालीको विकास गर्दै कृषि उत्पादकत्व वृद्धिमा प्राथमिकता दिएर काम गर्नु पर्छ । सोही अनुकूल कृषि प्रविधिको विकास गरी कृषिभूमिको अधिकतम उपयोग गर्नु पर्छ । कृषिभूमिको अनावश्यक खण्डीकरण, अतिक्रमण र पर्यावरणअमैत्री पूर्वाधार विकासमा पनि हाम्रो देशका लागि घातक साबित हुँदै गएको छ । पर्यावरणमैत्री कृषि उत्पादनका लागि विशेष अनुसन्धान गर्नु पर्छ । गुणस्तरीय बिउ, मललगायतका कृषि उत्पादन सामग्रीको व्यवस्थापन गरी निर्वाहमुखी कृषिलाई विविधीकरण र व्यवसायीकरण गर्दै उत्पादकत्व बढाउनु पर्छ । सबैभन्दा महत्वपूर्ण कुरा माटाको गुणस्तर खस्कनबाट बचाउनु पर्छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको आँकडाले भन्छ, नेपालमा बाली भित्र्याउने कृषिकर्मदेखि उपभोक्ताको थालसम्म आइपुग्ने प्रक्रिया पूरा हुँदासम्म झन्डै २० देखि ५० प्रतिशतसम्म कृषि उपज खेर जाने गरेको छ । यो नमिठो आँकडाका कारक वास्तवमा हामी नै हौं । उत्पादन हुनु मात्रै ठुलो कुरा होइन, कृषि वस्तुको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण झनै महत्वपूर्ण र संवेदनशील कुरा हो । कृषि उपजको उत्पादन, भण्डारण, वितरण र पहुँचभन्दा पनि ठुलो कुरा हो- उपभोक्ताको खाने प्रवृत्ति र स्वभाव । हामी प्रत्येक उपभोक्ताले खाना पकाउने बेला आवश्यकताभन्दा बढी परिमाण पकाउने र अन्त्यमा खेर फाल्ने, थालमा पस्किने बेला आवश्यकताभन्दा बढी पस्कने र अन्त्यमा खेर फाल्ने प्रवृत्तिलाई आजैदेखि त्यागेर खाद्यवस्तुको नोक्सानी न्यूनीकरणमा विशेष भूमिका खेल्नै पर्छ ।

यस वर्ष खाद्य दिवसको नारा नै छ-'पोषण सुरक्षाका लागि कृषिमा नवप्रवर्तन' । यस मर्मलाई सार्थक र फलदायी तुल्याउन प्रत्येक उत्पादक र उपभोक्ताले हातेमालो गर्नु पर्छ । अन्न अर्थात् खाद्यवस्तु जीवनको रक्षा गर्ने देवता हुन् भनी हाम्रा पूर्वजले सिकाएको संस्कार र मार्गदर्शनलाई मनन गरी खाना खेर नफाल्ने बानीको विकास गर्न अब त घर घरबाटै जाग्नै पर्छ । अरूलाई पनि

>>> बाँकी पृष्ठ ४ मा.

भक्तजनको रोजाइमा रोट

गलकोटपत्र/बागलुङ

प्रसिद्ध कालिका भगवती मन्दिर बागलुङमा पूजा गर्न आउने भक्तजनका लागि रोट रोजाइमा पर्न थालेको छ ।

मनोकांक्षा पूरा हुने विश्वास र भाकलअनुसार रोट चढाउने प्रचलन बढ्दै जाँदा मन्दिरमा दैनिक झन्डै एक सय रोट चढाउने गरिएको छ ।

मन्दिरमा पूजा गर्न रोट उपयुक्त लागेपछि खरिद गरेर चढाएको पोखराकी सोस्तिका पाण्डेले बताइन् । 'पहिला पहिला मन्दिरमा पूजा गर्न आउँदा फूल, नरिवललगायतका सामग्री ल्याउने गर्थें । अहिले मन्दिरको गेटमै रोट पाइने भएकाले त्यहींबाट किनेर चढाएँ,' उनले भनिन् । कालिका भगवती मन्दिरमा रोटको माग बढेपछि व्यवसायीहरू रोट पकाएर बिक्री गर्न व्यस्त छन् । भक्तजनले दैनिक करिब एक सय रोट खरिद गरेर मन्दिरमा चढाउने गरेको व्यवसायी डम्बर मल्लले बताए । उनका अनुसार एक माना चामलको पिठोबाट एउटा रोट तयार गरिन्छ । रोट बनाउन चामलको पिठोमा चिनी, नरिवल, बदाम, काजु, किसमिस, छोकडा, मरिच, ल्वाङ र सुकमेलजस्ता मसला मिसाइन्छ । त्यसपछि घिउमा पकाएर रोट तयार गरिने मल्लले बताए । एउटा रोटको मूल्य चार सय रुपैयाँ पर्छ ।

रोट पकाउन दाउराको प्रयोग गरिने अर्का व्यवसायी सन्दिप थापाले बताए । मन्दिरको गेटमा रहेको भाडाको सटरमा उनी बिहान ६ बजेदेखि रोट पकाउने काममा खटिन्छन् । कालिका भगवती मन्दिरमा रोट चढाउने क्रम बढ्दै गएको उनले बताए । धार्मिक मान्यताअनुसार कालिका भगवती मन्दिरमा रोट चढाउने प्रचलन रहँदै आएको छ । भक्तजनले मन्दिरमा रोटसँगै नरिवल र फलफूलसमेत चढाउने गर्छन् ।

भोटेकोशी प्रलयको शिक्षा



✍- अनिल पोखरेल

हालै हिमाली तथा सीमावर्ती करिडोरमा आएको विनाशकारी रसुवा-भोटेकोशी जलप्रलय र त्यसबाट सिर्जित अभूतपूर्व भौतिक एवम् मानवीय क्षतिले देशको समग्र विपद् व्यवस्थापन, पूर्वाधार निर्माण शैली, नीतिगत स्पष्टता र पुनर्स्थापनाको परम्परागत ढाँचामाथि गम्भीर प्रश्न खडा गरेको छ। भोटेकोशी करिडोरमा बेहोर्नु परेको क्षति आधुनिक इतिहासमै अकल्पनीय हो। राहत र खोजी कार्यमा राज्य संयन्त्रको भूमिका पहिलेका विपद्को भन्दा व्यवस्थापकीय हिसाबले राम्रो देखिए पनि गम्भीर कमजोरी उजागर भए। त्यो हो जलविद्युत् आयोजनाका सुरुङ (टनेल) मा फसेका कामदार तथा कर्मचारीहरूको समयमै उद्धार गर्न नसक्नु।

नदी करिडोरमा सञ्चालित र निर्माणाधीन आयोजनामा जोखिमको जानकारी, पूर्वतयारी, खोज तथा उद्धारको लागि उपकरण र तालिम प्राप्त व्यक्तिका साथै पूर्व सूचना प्रणालीको कति ठूलो खाडल छ भन्ने यस घटनाले देखाएको छ। अब डेढ महिनाभन्दा बढी समय व्यतीत भइसकेकाले राहत र उद्धारको चरणलाई औपचारिक रूपमा टुंग्याउँदै राज्य अस्थायी बसोबास, दिगो पुनर्निर्माण र पुनर्स्थापनाको रणनीतिक यात्रामा प्रवेश गर्नु अनिवार्य भइसकेको छ।

२०७२ को महाभूकम्पपछि विश्वस्तरमै प्रशंसा पाएको विशाल पुनर्निर्माण सम्पन्न गरेको अनुभव नेपालसँग छ। त्यतिबेला करिब ८ लाख निजी आवास, हजारौं विद्यालय, स्वास्थ्य चौकी, सरकारी भवन र सडक सञ्जालहरूको सफलतापूर्वक पुनर्निर्माण गरिएको थियो। तर, त्यतिबेलाको पुनर्निर्माण र अहिलेको बाढी-पहिरोपछिको पुनर्निर्माणमा मौलिक र तात्त्विक भिन्नता छ।

भूकम्पका बेला नयाँ संविधान बनिसकेको थिएन, तीन तहको संघीय शासन प्रणालीमा परिपक्व भइसकेका थिएनौं। बहुप्रकोपीय जोखिमका बीच कसरी पुनर्निर्माण गर्ने भन्ने वैज्ञानिक ज्ञान र पूर्वाधार प्रविधिको पर्याप्त विकास पनि भइसकेको थिएन। जहाँ संरचना भत्कियो, ठ्याक्कै त्यहीँ र त्यसरी नै 'पुनर्निर्माण गर्ने' पुरानो ढर्रा पूर्ण रूपमा असफल भइसकेको छ। अबको पुनर्निर्माणको यात्रा हिजोको भन्दा बिलकुलै फरक, वैज्ञानिक र दूरदर्शी हुनुपर्छ। बाढी र लेदोले पोतेको जोखिमयुक्त क्षेत्रमा हतारिएर पुनर्संरचनाहरू ठड्याउनु अर्को भावी विनाशलाई निम्तो दिनु सरह हो। भोटेकोशी बाढीपछिको पुनर्निर्माणलाई दिगो, सुरक्षित र परिणाममुखी बनाउन अपनाउनुपर्ने पाँच प्रमुख स्तम्भ यस्ता छन्।

नेपालमा २१ सयभन्दा बढी हिमताल छन् र तिनको सम्भावित विस्फोटन वा जोखिमबारे विभिन्न समयमा अध्ययन भएका छन्। तर, विडम्बनाको के छ भने ती अध्ययनहरू विदेशी संघसंस्था वा गैरसरकारी निकायको अग्रसरतामा मात्र गरिएका हुन्। राज्यले संस्थागत जवाफदेहिता नलिई अरूले गरिदिएको काममा केवल किनाराको साक्षीमात्र बस्ने परिपाटीले विपद्को यति ठूलो जोखिममा परेका हौं।

२५ वर्षीय इकोनोमिक करिडोरको अवधारणामा पुनर्निर्माण : दीर्घकालीन योजनाका दृष्टिले हेर्दा, अबको २५ वर्ष अर्थात् सन् २०५० सम्ममा नेपाल विश्वकै दुई ठूला आर्थिक महाशक्ति (चीन र भारत)को बीचमा अवस्थित हुनेछ। भोटेकोशी नदी बग्ने यो सम्पूर्ण हिमाली करिडोरलाई दुईवटा उदयमान विश्व अर्थतन्त्रलाई आपसमा जोड्ने एउटा मजबुत आर्थिक सेतु' इकोनोमिक कोरिडोरका रूपमा विकास गर्नुपर्छ। सोही अनुरूप करिडोर प्लानिङ गरिनुपर्छ।

आर्थिक करिडोर निर्माणको पहिलो र मुख्य सिद्धान्त भनेकै बहुप्रकोपीय जोखिमको वस्तुनिष्ठ आकलन गर्नु हो। वैज्ञानिक जोखिम नक्सांकन गर्दा जोखिमयुक्त ठहरिएका क्षेत्रभित्र निजी आवास, व्यापारिक प्रतिष्ठान, सार्वजनिक संरचना वा कुनै पनि प्रकारका सडक, रेलमार्ग र अन्य कनेक्टिभिटी जस्तै सञ्चार, विद्युत् र ट्रान्समिसन लाइनका पूर्वाधारहरू बनाउन पूर्ण रूपमा प्रतिबन्ध लगाउनुपर्छ। राज्यको लगानी वा निजी क्षेत्रको पुँजी पुनः खर्चिनु हुँदैन। मानिसहरूको बसोबास र व्यापारिक केन्द्रहरूलाई नदीको प्रभाव क्षेत्रभन्दा माथि र सुरक्षित स्थानमा स्थानान्तरण गरी एकीकृत बस्तीहरूको विकास गरिनुपर्छ। यसरी जोखिम क्षेत्र छाडेर सुरक्षित भूभागमा मात्रै कनेक्टिभिटी र पूर्वाधार विकास गर्दा मात्र यो करिडोरले दुई ठूला छिमेकी मुलुकहरूबीचको व्यापार, पर्यटन र लगानीलाई दीर्घकालसम्म सुरक्षित रूपमा थाम्न सक्नेछ।

इन्टर बेसिन हिमालयन रिस्क इन्टेलिजेन्स र पूर्वसूचना प्रणाली : नेपालमा २१ सयभन्दा बढी हिमताल छन् र तिनको सम्भावित विस्फोटन वा जोखिमबारे विभिन्न समयमा अध्ययन भएका छन्। तर, विडम्बनाको के छ भने ती अध्ययनहरू विदेशी संघसंस्था वा गैरसरकारी निकायको अग्रसरतामा मात्र गरिएका हुन्। राज्यले संस्थागत जवाफदेहिता नलिई अरूले गरिदिएको काममा केवल किनाराको साक्षीमात्र बस्ने परिपाटीले विपद्को यति ठूलो जोखिममा परेका हौं।

नेपाल र चीन सरकारको संयुक्त पहलमा दुवै देशका तालुकदार सरकारी निकाय, भू-गर्भविद्, जलवैज्ञानिक र विपद् व्यवस्थापन विशेषज्ञहरूको संयुक्त कार्यदल गठन गरी 'इन्टर बेसिन हिमालयन रिस्क इन्टेलिजेन्स सिस्टम' निर्माण गर्नुपर्छ। हिमाली क्षेत्रमा सीमित जनशक्ति र स्रोतले मात्र निरन्तर अनुगमन गर्न असम्भव हुने भएकाले चौबिसैघण्टा काम गर्ने आधुनिक स्याटेलाइट इमेजरी प्रविधि अपनाइनुपर्छ। दिउँसो, राति वा बाक्लो बादल लागेको अवस्थामा पनि जमिन अलिकति खस्किनेबित्तिकै वा हिमतालमा हलचल आउनेबित्तिकै त्यसको सूचना पाउन सक्ने मनिटरिङ सिस्टम हुनुपर्छ।

यो प्रणालीलाई भूकम्प मापन संयन्त्र र आधुनिक जलमापन प्रविधिसँग जोड्नुपर्छ। हालैको बाढीले हाम्रा ६ वटा परम्परागत भ्लड गेजहरू बगाएर लगिसकेको अवस्थामा अब नदीभन्दा निकै अग्लो स्थानमा अत्याधुनिक मापन यन्त्रहरू राख्नुपर्छ। नदीमा बाढी आउँदा, रक वा आइस एभलान्च (हिमपहिरो) खस्दा वा हिमताल फुट्दा निस्कने ठूलो कम्पन र गडगडाहाटबाटै पानी र लेदोको मात्रा नाप्ने प्रविधि सिस्मिक डिस्चार्ज मोनिटरिङ स्टेसन नेपालमा भित्र्याउनु अति आवश्यक छ। यस्तो रिस्क इन्टेलिजेन्सबाट प्राप्त तथ्यांक नेपाल, चीन र भारतका राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन थिएटर (नेसनल इमरजेन्सी अमरेसन थिएटर) मा स्वचालित रूपमा पुग्ने र नेपाली समाज तथा तल्लो तटीय क्षेत्रमा मानवरहित तरिकाले तत्कालै 'अलर्ट' वा पूर्वसूचना जारी हुने प्रविधि जडान गरिनुपछ्। यस्ता अलर्टहरूलाई 'कमन अलर्टिङ प्रोटोकल' प्रयोग गरी ब्रोडकास्टिङ प्रणालीद्वारा सम्प्रेषण गर्नुपर्छ।

बहुप्रकोपीय जोखिममा आधारित संरचनाहरूको डिजाइन : सन् २०१५ को भूकम्पपछि अपनाइएको 'जहाँ संरचना भत्कियो, त्यहीँ पुनः निर्माण गर्ने' तरिका अबको हिमाली करिडोरका लागि घातकसिद्ध भइसकेको छ। केरुङ जोड्ने कोरिडोरमा नदीको सतह नजिक बनाइने पुराना शैलीका थ्याप्चे पुलहरू (स्टिल ट्रस्स पुल) बाढी र लेदोको पहिलो प्रहारमै भत्किने भएकाले अब ओल्लो डाँडाको चट्टानबाट पल्लो डाँडाको चट्टान जोड्ने झोलुंगे प्रविधिका तारेपुलहरू मात्र निर्माण गरिनुपर्छ।

पुलमात्र नभई राजमार्ग, सुरुङमार्ग (टनेल), जलविद्युत् आयोजना र काठमाडौं-केरुङ फास्ट ट्र्याकजस्ता रणनीतिक पूर्वाधारहरू बनाउँदा बहुप्रकोपीय जोखिम (भूकम्प, बाढी, पहिरो र गेग्रान बहाव) लाई ध्यानमा राखेर नयाँ इन्जिनियरिङ कोडहरू तयार पार्नुपर्छ। नदीको जमिनलाई मिच्नुको सट्टा डाँडा ताँछिसकेपछि 'रक बोल्टिङ' , 'रक एन्करिङ', रक-फल प्रोटेक्सन सिस्टमका साथै बायो-इन्जिनियरिङसमेतको प्रयोग गर्ने विधि अँगालुपर्छ।

विशिष्टीकृत निर्देशनालय र 'लस एन्ड ड्यामेज'को लेखाजोखा : रसुवा-भोटेकोशीमात्र नभई कोशी, गण्डकी, कर्णाली र महाकालीका थुप्रै नदी करिडोरहरू उच्च जोखिममा रहेकाल सिकेको चेतना र प्रविधिलाई देशभरका अन्य करिडोरमा पनि निरन्तर लागू गर्दै लैजानुपर्छ। तसर्थ, सरकारको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई नै थप सबल, सक्षम र स्रोतसाधन सम्पन्न बनाइनुपर्छ। यसका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई परिमार्जन गर्नुपर्छ। राहत, उद्धार र खोजीमा विपद् प्राधिकरणले विशिष्टता हासिल गरिसकेकाले, दिगो पुनर्निर्माण र पुनर्स्थापनाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रत्यक्ष मातहत रहने गरी दुईवटा विशिष्टीकृत स्थायी निर्देशनालय गठन गरिनुपर्छ।

क) भौतिक पूर्वाधार पुनर्निर्माण तथा पुनर्स्थापना निर्देशनालय : भौतिक योजना तथा पूर्वाधार मन्त्रालयअन्तर्गत रहने यस निर्देशनालयले करिडोरभित्रका एकीकृत बस्ती, सडक, पुल, सुरुङमार्ग र अन्य सार्वजनिक संरचनाहरूको दिगो र सुरक्षित पुनर्निर्माणको योजना तथा कार्यान्वयन गर्नेछ।

ख) ऊर्जा तथा जलस्रोत पुनर्निर्माण तथा पुनर्स्थापना निर्देशनालय: ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयअन्तर्गत रहने यस निर्देशनालयले बाढीबाट क्षतविक्षत भएको जलविद्युत् क्षेत्रको पुनर्निर्माणमा नेतृत्व लिनेछ। राज्यले हालसम्म गर्दै आएको क्षतिको द्रुत मूल्यांकन द्रुत विपद् आवश्यकता आकलन (आरडीएनए) वा विपद्पश्चात्को आवश्यकता आकलन (पीडिएनए) ले केवल भौतिक पूर्वाधारमा भएको प्रत्यक्ष क्षतिको मात्र हिसाब गर्छ।

उद्योग, पर्यटन, कृषि, व्यापार र स्थानीय जैविक विविधतामा परेको दीर्घकालीन 'लस एन्ड ड्यामेज'को विस्तृत लेखाजोखा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा प्राधिकरण, कृषि, जलस्रोतः तथा वातावरण मन्त्रालय र ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयले संयुक्तरूपमा अन्य मन्त्रालयसँग समन्वय गरी गरिनुपर्छ। विकसित मुलुकहरूले उत्सर्जन गरेको जीवाश्म इन्धनका कारण भएको जलवायु परिवर्तनले नेपाल जस्ता देशले भोगेको यो वास्तविक 'लस एन्ड ड्यामेज' को वैज्ञानिक तथ्यांक तयार पारी संयुक्त राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु क्षतिपूर्तिको सशक्त दाबी प्रस्तुत गरिनुपर्छ।

नेपाल, भारत र चीनको संयुक्त 'क्लाइमेट रेजिलेन्स इनिसियटिभ' : प्रधानमन्त्री वालेन शाहले संयुक्त राष्ट्रसंघको महासभामा प्रस्तुत गर्नुभएको नेपाल, भारत र चीनको संयुक्त 'क्लाइमेट रेजिलेन्स इनिसियटिभ' को अवधारणालाई अब कागजातमा मात्र सीमित नराखी व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउन त्यसको मस्यौदा, कार्यक्षेत्र र कार्ययोजना तयार गरी कूटनीतिक नियोग/माध्यम (प्रयोग गरेर भारत र चीन सरकारसँग संवाद थालनी गर्नुपर्छ। हिमाली क्षेत्रमा निम्तिने यस्ता महाविपद्हरू कुनै एउटा देशको सीमाभित्र मात्र सीमित नरहने र यसको असर तल्लो तटीय क्षेत्र भारतसम्मै पुग्ने भएकाले, नेपाल एक्लैले यसको दीर्घकालीन समाधान गर्न सक्दैन।

निष्कर्ष

भोटेकोशी बाढीपछिको पुनर्निर्माण र पुनर्स्थापनाको कामलाई विगतका जस्तै परम्परागत र टालटुले तरिकाले अगाडि बढाउने गल्ती राज्यबाट हुनु हुँदैन। यदि हामीले माथि उल्लेख गरिएका पाँच वटा आधार भूत स्तम्भहरू अर्थात् इकोनोमिक करिडोर प्लानिङ, इन्टर बेसिन रिस्क इन्टेलिजेन्स, बहुप्रकोपीय जोखिममा आधारित इन्जिनियरिङ, विशिष्टीकृत निर्देशनालयमार्फत 'लस एन्ड ड्यामेज' को सम्बोधन र त्रिदेशीय क्लाइमेट रेजिलेन्स इनिसियटिभलाई गम्भीरतापूर्वक नीतिगत र व्यावहारिक रूपमा लागू गर्न सक्यौं भने मात्र हामीले यो विपद्मा ज्यान गुमाएका र विस्थापित भएका नागरिकहरूप्रति सच्चा न्याय गर्न सक्नेछौं।

अन्यथा, आगामी ५ देखि १० वर्षभित्र यस्तै प्रकृतिको अर्को महाविपद् दोहोरिने र पुनः हजारौं जनधनको क्षति बेहोर्नुपर्ने नियतिबाट हामी उम्कन सक्ने छैनौं।

तसर्थ, यो विनाशलाई एउटा चेतना र अवसरका रूपमा लिएर नयाँ र सुरक्षित हिमाली नेपालको निर्माणतर्फ लाग्नु नै आजको मुख्य आवश्यकता हो। पोखरेल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पूर्वकार्यकारी प्रमुख हुन्।

शाभारः अन्नपूर्णपोष्ट

वैदेशिक रोजगार सम्बन्धी परामर्श

गलकोटपत्र/बागलुङ

वैदेशिक रोजगारीमा हुने समस्या तथा ठगि रोक्न बागलुङका स्थानीय तहमा नीति बनाउने देखि परामर्श सेवा दिइएको छ ।

पछिल्लो समय वैदेशिक रोजगारीमा जानेको संख्या बागलुङमा उच्च रहेको छ । उनिहरुलाई वैदेशिक रोजगारीको जानकारी, सिपमुलक तालिम प्रदान, वित्तिय साक्षरता, रोजगारीका क्रममा आएका समस्या समाधान लगायतको सेवा प्रदान गरिएको हो ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा बागलुङमा वैदेशिक रोजगारीसँग सम्बन्धित विभिन्न सेवा तथा सिपमुलक कार्यक्रम र तालिम मार्फत १६ हजार ४३१ लाभान्वित भएका छन् ।जसमध्ये केही ८ हजार ७७० जनाले राहदानी समेत बनाइसकेका छन् ।

सामी कार्यक्रमले जिल्ला प्रशासन बागलुङ तथा इलाका प्रशासन कार्यालय बुर्तिबाङ, सामुदायिक सिकाइ केन्द्र र स्थानीय तहसँगको समन्वयमा सूचना तथा परामर्श, राहदानी वितरणसम्बन्धी सहजीकरण, रोजगारीमा आएको समस्याको पहिचान, समस्या समाधान, अभिमुखीकरण तथा न्यायमा पहुँचसम्बन्धी सेवा प्रदान गरिएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका जिल्ला संयोजक मिन उपाध्ययाले जानकारी दिनुभयो । स्थानीय तहमा समेत रोजगारी सम्बन्धी नीति निर्माणमा समेत कार्यक्रमले सघाएको छ "वैदेशिक रोजगारीमा जादा सिप तथा भाषगत ज्ञान लिएर जानुहोस, लेनदेन गर्दा प्रमाण राख्नुहोस, रोजगारीका क्रममा अभ्ठारो परेमा जानकारी गराउने सम्पर्क लगायतका विषयमा परामर्श दिइन्छ" उपाध्ययले भन्नुभयो "वैदेशिक रोजगारीमा गएर मृत्यु भएकाको शव ल्याउनेदेखि क्षतिपूर्ति भराउने सम्मको काम यही निकायबाट हुन्छ, रोजगारीबाट फर्केकालाई मनोपरामर्श तथा आम्दानीको बचत गर्न समेत सिकाइन्छ ।"

जिल्ला प्रशासन कार्यालय बागलुङबाट सूचना तथा परामर्श सेवा लिनेको संख्या छ हजार ३ सय ५६ रहेको छ । त्यस्तै इलाका प्रशासन कार्यालयबाट दुई हजार ६ सय १ जनाले वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा लिएका छन् । जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालयबाट राहदानी लिन आएका मात्रै ८ हजार ८ सय ७० जनालाई वैदेशिक रोजगारीको विषयमा परामर्श र सल्लाह प्रदान गरिएको थियो । वैदेशिक रोजगारीमा गएका वा जाने तयारीमा रहेका व्यक्तिसँग सम्पर्क तथा सेवाको अवस्थाबारे जानकारी लिन फोन मार्फत समेत १ हजार ८ सय २ जनालाई परामर्श सेवा प्रदान गरिएको छ । यस्तै सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता परिचालन गरी २ हजार ४ सय १ जनालाई सेवा प्रदान गरिएको छ । यसमध्ये १ हजार ३७ महिला र १ हजार ३ सय ६४ पुरुष रहेका छन् ।

वैदेशिक रोजगारीमा जान चाहने सम्भावित ३ हजार १ सय १३ जना कामदारलाई अभिमुखीकरण, यस्तै न्यायमा पहुँचसम्बन्धी सहजीकरणतर्फ १ सय ३ वटा निवेदन तथा उजुरी प्राप्त भएकामध्ये ५५ वटा निवेदना तथा उजुरीको समाधान भएको परामर्श दाता गंगा रिजालले जानकारी दिनुभयो । वैदेशिक रोजगारीमा गएका परिवारका २ सय १० जनालाई वित्तिय साक्षरता प्रदान, रोजगारीले निम्ताएको समस्याले पीडित भएकालाई मनोसामाजिक परामर्शम गरिदै आइएको छ ।

कांग्रेसको शुभकामना आदानप्रदान

गलकोटपत्र/हटिया

नेपाली कांग्रेस गलकोट नगर कार्यसमितिको आयोजनामा बडा दशैं शुभदिपावली, छठ पर्व एवं नेपाल संवतको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा जिल्ला पादाधीकारी एवं सदस्यहरु, क्षेत्रीय पदाधिकारी एवं सदस्य, प्रदेश पदाधिकारी एवं सदस्य, नगर कार्यसमिति, वडा सभापति, लगायत भातृ तथा शुभेच्छुक संघ संस्थाका प्रमुख एवं प्रतिनिधिको उपस्थिती रहेको थियो ।

उपस्थित सम्पूर्ण महानुभावहरुले एकआपसमा शुभकामना एवं शुभेच्छा आदानप्रदान गर्नुभएको थियो ।

कार्यक्रम नेपाली कांग्रेस गलकोट नगर सभापति हिम बहादुर भण्डारीको अध्यक्षता, उपसभापति चिरञ्जिवी मरासिनीको स्वागत र नगर सचिव खिम बहादुर खत्रीको सञ्चालनमा सम्पन्न भएको थियो ।

मन्त्रि...

पुऱ्याएको क्षति र नगरपालिकाले हालसम्म गरेका राहत तथा उद्धारका प्रयासहरूबारे टोलीलाई जानकारी गराएका थिए ।

निउरेले दीर्घकालीन समाधान र क्षतिग्रस्त पूर्वाधार पुनर्निर्माणका लागि प्रदेश र संघीय सरकारसँग आवश्यक बजेट तथा सहयोगको माग गरेका थिए । जिल्ला प्रशासन कार्यालय बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्यले जिल्ला प्रशासन कार्यालयको तर्फबाट आवश्यक राहत सामग्री वितरण, क्षति मूल्याङ्कन र सुरक्षा प्रबन्धका लागि कुनै कसर बाँकी नराखिने प्रतिबद्धता जनाएका थिए ।

नेपाल सरकारले पुनर्निर्माण र राहतका लागि बागलुङको गलकोट नगरपालिका, बडिगाड गाउँपालिका, ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, ताराखोला गाउँपालिका र तमानखोला गाउँपालिकालाई संकटग्रस्त क्षेत्रका रूपमा घोषणा गरेको छ ।

चौथो...

अन्तर्गत समाज कल्याण युवा क्लव र बरेङ गाउँपालिका वडा नं. २ बिचको खेलमा समाज कल्याण युवा क्लव प्रथम भएको छ भने, बरेङ गाउँपालिका वडा नं. २ द्वितीय भएको छ ।

प्रतियोगितामा प्रथम भएको समाज कल्याण युवा क्लवले १ लाख १ हजार ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने, द्वितीय हुन सफल बरेङ गाउँपालिका–२ ले ५१ हजार ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको क्लवले जनाएको छ ।

विद्यालय स्तरिय पुरुष भलिबल प्रतियोगितामा न्यू लाईफ बोर्डिङ सेकेन्डरी स्कुल प्रथम भएको छ भने न्युटन एकेडेमी काठमाडौं द्वितीय भएको छ ।

प्रथम भएको न्यू लाईफ बोर्डिङ सेकेन्डरी स्कुलले ५० हजार ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने, न्युटन एकेडेमी काठमाडौंले ३० हजार ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । महिला एकल कुर्सि दौड प्रतियोगिता, हाँस छोप्ने प्रतियोगिता र वडा स्तरिय रस्साकस्सी प्रतियोगिता समेत सम्पन्न भएका छन् ।

कार्यक्रममा चर्चित कलाकार ईश्वर सिंहको विशेष सांगितिक प्रस्तुती रहेको थियो । कार्यक्रम क्लवका अध्यक्ष बसन्त भण्डारीको अध्यक्षता, उपाध्यक्ष राजन साहानीको स्वागत र गगन कुँवरको सञ्चालनमा सम्पन्न भएको थियो ।

स्वास्थ्य...

सेवाभाव र समर्पण अरूका लागि पनि प्रेरणाको स्रोत बन्ने उल्लेख गर्दै आगामी जीवन सुखमय, स्वस्थ र दीर्घायु रहोस् भन्ने शुभकामना व्यक्त गरेका थिए ।

२८ वर्षसम्म समुदायको स्वास्थ्य सेवामा समर्पित डम्मर कुमारी जैसी औपचारिक जिम्मेवारीबाट बिदा भएकी हुन ।

उनको योगदानले समुदायमा स्वास्थ्यसम्बन्धी चेतना विस्तार गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । कठिन परिस्थितिमा पनि निरन्तर सेवामा खटिनुभएकी जैसीको सेवायात्रा समर्पण, साहस र मानवीय सेवाको प्रेरणादायी उदाहरण बनेको छ ।

मातृ...

सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

कार्यक्रममा गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले शिशु तथा आमाको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न मातृ तथा बाल स्वास्थ्य पुस्तिकाले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले पुस्तिकाको प्रभावकारी कार्यान्वयनमार्फत गर्भावस्थादेखि सुत्केरी अवस्था तथा नवजात शिशुको स्वास्थ्य अवस्थासम्मका विवरण व्यवस्थित रूपमा अभिलेख राख्न र स्वास्थ्य सेवा लिन सहज हुने विश्वास व्यक्त गरे ।

नगरप्रमुख गैरेले मातृ तथा बाल स्वास्थ्यसम्बन्धी सेवाबारे आमाहरूलाई सचेत बनाउँदै पुस्तिकाको नियमित प्रयोग सुनिश्चित गर्नुपर्नेमा जोड दिए । उनले आमा तथा बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न स्वास्थ्य सेवाको पहुँचसँगै सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक रहेको बताए ।

कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रविण शर्मा, गलकोट नगर स्वास्थ्य शाखाका अस्पताल नर्सिङ निरीक्षक रिमा बोसेल, गलकोट नगर अस्पतालका प्रमुख डाक्टर राजेश पौडेल तथा जाईका नेपाल गण्डकी प्रदेशका प्रोग्राम कोअर्डिनेटर श्रद्धा हमालले प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षकहरूले मातृ तथा बाल स्वास्थ्य पुस्तिकाको महत्व, प्रयोग विधि, स्वास्थ्य विवरण अभिलेखीकरण तथा प्रभावकारी कार्यान्वयनका विषयमा सहजीकरण गरेकी थिइन ।

कार्यक्रममा गलकोट नगरपालिकाका सामाजिक विकास समिति संयोजक हिमबहादुर भण्डारी र जाईका नेपालका मातृ तथा बाल स्वास्थ्य विज्ञ डाक्टर किया मिटोले शुभकामना मन्तव्य राख्नुभएको थियो । उहाँहरूले मातृ तथा बाल स्वास्थ्य सेवाको सुधारका लागि स्थानीय तह, स्वास्थ्य संस्था तथा सम्बन्धित निकायबीच समन्वय र सहकार्य आवश्यक रहेको बताए ।

मातृ तथा बाल स्वास्थ्य पुस्तिकाको प्रभावकारी कार्यान्वयनले गर्भवती महिला, सुत्केरी आमा तथा बालबालिकाले प्राप्त गर्ने स्वास्थ्य सेवाको विवरण व्यवस्थित बनाउनुका साथै नियमित स्वास्थ्य परीक्षण, खोप, पोषण तथा आवश्यक उपचारमा पहुँच बढाउने अपेक्षा गरिएको छ । यसबाट मातृ तथा शिशु स्वास्थ्यसम्बन्धी जोखिम समयमै पहिचान गर्न र स्वास्थ्य सेवाको निरन्तरता कायम गर्न सहयोग पुग्ने नगरपालिकाले जनाएको छ ।

कार्यक्रम गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत डम्बरबहादुर जिसीको स्वागत र हेल्थ असिस्टेन्ट डिल्लीरमण पुनको सञ्चालनमा सम्पन्न भएको थियो ।

प्राणको...

जगाउनै पर्छ । हो, पोसिलो र सन्तुलित खानेकुरा खाऔं तर एक दाना पनि खेर नफालौं । प्रत्येक दाना अन्नको प्राप्तिमा भौतिक र मौद्रिक लगानी मात्र लागेको छैन किसानको अमूल्य पसिना र भावनात्मक सवेदना पनि मिसिएका हुन्छन् । यी दुई कुरा पनि नबिर्सौं, (१) एक दानो अन्न बन्न समयकै हिसाबले पनि वर्षदिन पर्खनुपर्ने हुन्छ र (२) तपाईंले फालेका प्रत्येक गाँस अन्नले यो धर्तीमै रहेको अर्को कुनै भोकोलाई जीवन दिन सक्थ्यो । तपाईंले त जीवनदायिनी र अमृतरूपी अन्नलाई जमिनमै मिल्काइरहनुभएको छ । मानव सभ्यतासँगै जोडिएको खाद्य सुरक्षा पर्याप्त र पोषणयुक्त खानामा सबैको पहुँच हो । नेपालमा नीतिगत प्रयास र भौगोलिक सम्भावना भए पनि जलवायु परिवर्तन, गरिबी र कृषि उपजको नोक्सानीले चुनौती थपेको छ । अतः कृषिमा नवप्रवर्तन, माटोको संरक्षण र खाना खेर नफाल्ने बानी बसालेर मात्र खाद्य दिवस सार्थक हुन्छ ।

शाभार: गोरखापत्र

हावाहुरीले ८० घरमा क्षति

गलकोटपत्र/हटिया

असोज पहिलो साताको वर्षातपछि हावाहुरीले गलकोट नगरपालिका वडा नं. १० पाण्डवखानीका ८० बढी घरको छाना उडाएको छ । सयौं रोपनी खेतमा लगाएको अन्नबाली ढलेको छ ।

घरको छाना उडेकाहरुले अहिले पनि बनाउन सकेका छैनन् । अत्याधिक हावाले किसानहरु मारमा परेको वडा अध्यक्ष भक्तबहादुर काउचाले बताए । उनीहरुको राहतका लागि जिल्लास्थित विपद् व्यवस्थापन समितिमा जानकारी गराएका छन् ।

'धेरै जनाको समस्या छ, तत्काल घर मर्मत गरेर बस्न पनि लाखौं खर्च लाग्ने भएको छ' काउचाले भने, 'अहिले त सबैलाई पाल दिएर छाना छोप्न लगाइएको छ ।' विपद्मा परेकालाई छाना छाउने व्यवस्थापन गराउन पहल भएको उनले बताए ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले बडिगाड र गलकोटका धेरै गाउँमा यस्तो समस्या आएको बताए । ती समस्याहरुको लागत सङ्कलन गरेर केही न केही सहयोग गर्नैपर्ने भएको आचार्यको भनाइ छ । हावाहुरीकै कारण विद्युतका पोल ढलेका छन् । पोल नभएकै कारण विद्युत सेवा पनि अबरुद्ध छ । विद्युत नभएपछि पाण्डवखानीभरि इमेल र इन्टरनेट सेवा पनि प्रभावित भएको स्थानीय सुरेश छन्त्यालले बताए ।

हालसम्म राष्ट्रिय प्रसारण लाइनको विद्युत यहाँ पुगेको छैन । स्थानीय भोतेखोलाको विद्युत बालेका स्थानीयले समस्याबारे बताउन समेत नसकेका हुन् । विद्युत पोल उठाउन ढीला भएपछि जेनेरेटरबाट टेलिफोन टावरमा विद्युत लाइन प्रसारण गर्न पहल गरेपनि संभव भैनसकेको काउचाले जानकारी दिए ।

पाण्डवखानीमा झण्डै ३ सय बढी घर अहिले पनि अन्धकारमा छन् भने सञ्चार सेवाबाट बञ्चित छन् । यहाँ जाने सडक समेत निकै अप्ठ्यारो छ । गलकोट नगरपालिका वडा नं. ७ को मल्मदेखि झिर्का हुँदै पाण्डवखानी जाने सडक दुइ खण्डमा निर्माण गर्ने गरी गण्डकी प्रदेश सरकारले ठेक्का लगाउने भनेपनि चार वर्षदेखि यो सडक खण्ड अलपत्र छ ।

पहिलो खण्डमा केही काम भएको छ तर दोश्रो खण्डमा सडक चौडा पार्ने काम पनि भएको छैन । जसका कारण सडक जोखिम छ । दैनिक सवारी साधन आएको खण्डमा पाण्डवखानीका जनताले कृषि उत्पादनको बजारीकरण गर्ने सोच बनाएका छन् । पाण्डवखानीमा फापर, तरकारी, दूध र नगदेबालीहरु एत्पादन हुन्छ । तर सडक अभावमा किसानले चाहेर पनि उत्पादन बढाउन सकेका छैनन् । भएको उत्पादन पनि बजार पठाउन नसकेपछि उत्पादन बढाउन नसकेको काउचा बताउँछन् ।

पाण्डवखानीदेखि रमुवा, बडिगाड गाउँपालिका–८ को खोलाखर्क, रणसिंकिटेनी हुँदै भिमगिठे निस्कने सडक स्तरीय बनाउन सकेमा स्थानीयले ग्रामीण क्षेत्रमा पनि सहज यात्रा गर्ने, कृषि उत्पादनको बजारीकरण गर्ने र बसाइ सराइ रोक्न सकिने संभावना रहेको स्थानीय तिलक घर्तीमगर बताउँछन् । सडक सञ्जालको अभावमा रमुवाका बासिन्दाले स्वास्थ्य सेवा लिन गलकोट आउनु परे ६ सय बढी गाडी भाडा तिर्न बाध्य छन् भने चारदेखि ५ घण्टाको यात्रा गर्नुपर्ने अवस्थामा छन् ।

ढोरपाटनमा नाउरको गणना

गलकोटपत्र/हटिया

नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्षमा नाउर र झारलको गणनाको तयारी गरिएको छ ।

सिकारको कोटा निर्धारणका लागि आरक्षले प्रत्येक पाँच वर्षमा नाउर र झारलको संख्या गणना गर्दै आएको छ ।

चालु आर्थिक वर्षको दोस्रो चौमासिक सुरु भएसँगै नाउर र झारलको गणनाका लागि प्राविधिक तथा आरक्षका कर्मचारीलाई सातवटै सिकार ब्लकमा परिचालन गर्ने तयारी गरिएको छ । 'टाउको गन्ने' विधिबाट नाउर र झारलको गणना गरिने आरक्ष कार्यालयले जनाएको छ ।

आरक्षअन्तर्गत सुर्तिबाङ, फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ र सुनदह गरी सातवटा सिकार ब्लक छन् । ती सबै ब्लकमा गणना गरिनेछ । आरक्ष कार्यालयका अनुसार कोरोना महामारीका कारण नियमित पाँच वर्षमा हुनुपर्ने गणना एक वर्ष ढिला गरी विसं २०७५ मा गरिएको थियो । त्यसबेला एक हजार २ ५० नाउर र ७४४ झारल फेला परेका थिए ।

गणनामा देखिएको नाउर र झारलको संख्या, उमेर तथा लिङ्ग संरचनाका आधारमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सिकारको वार्षिक कोटा निर्धारण गर्ने गरेको छ । आरक्षका रेञ्जर सागर सुवेदीका अनुसार हाल बर्सेनि १५ देखि २४ नाउर र १४ देखि १५ झारलसम्मको सिकार कोटा निर्धारण हुने गरेको छ । पछिल्लो गणनापछि नाउरको वार्षिक कोटा २० वटामा कायम गरिएको थियो ।

रेञ्जर सुवेदीले भने "यसपटकको गणनापछि प्राप्त नतिजाका आधारमा सिकारको कोटा थपघट हुन सक्छ ।," गणनाबाट वयस्क नाउर र झारलको संख्या, भाले तथा पोथीको अनुपात र पाठापाठीको अवस्थासमेत यकिन गरिने उनले बताए । रेञ्जर, भरिया तथा सिकारसम्बन्धी अनुभव भएका स्थानीयवासीको सहभागितामा गणना गर्ने गरिएको छ । नाउर र झारल बाख्रा प्रजातिमा पर्ने वन्यजन्तु हुन् । ढोरपाटनमा प्रत्येक वर्ष असोज–मङ्सिर र फागुन–वैशाख गरी दुई याममा वैधानिक सिकार खुला गरिन्छ । चालु आर्थिक वर्षको पहिलो सिकार याम सुरु भइसकेको छ । यस याममा १० नाउर र सात झारलको सिकारका लागि कोटा निर्धारण गरिएको छ ।

आरक्षका प्रमुख संरक्षण अधिकृत अर्णनाथ बरालका अनुसार सिकारका लागि अनुमति पाएका विदेशी सिकारी नेपाल आउन थालेका छन् । अमेरिका, रुस, स्पेन, दक्षिण अफ्रिका, नर्वेलगायत मुलुकबाट व्यावसायिक सिकारी ढोरपाटन आउने गरेका छन् ।

सुत्केरी महिला भेटघाट कार्यक्रम

गलकोटपत्र/हटिया

बौर आधारभूत स्वास्थ्य सेवा केन्द्रको आयोजनामा गलकोट नगरपालिका–४, भयरीखर्कमा सुत्केरी महिला भेटघाट कार्यक्रम सम्पन्न भएको छ । मातृ तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्नुका साथै मातृ तथा बाल स्वास्थ्य सेवाबारे जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा गलकोट नगरपालिकामा परीक्षणका रूपमा सञ्चालन भइरहेको मातृ तथा बाल स्वास्थ्य पुस्तिका कार्यक्रमअन्तर्गत सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्य परीक्षण गरिएको थियो । पुस्तिकाले निर्देश गरेअनुसार सुत्केरी आमाको हेमोग्लोबिन, रगतमा चिनीको मात्रा, रक्तचाप तथा घाउको अवस्था जाँच गरिएको थियो । साथै स्तनपानको अवस्था, सुत्केरीपछिको स्वास्थ्य जाँचको महत्व र आमा तथा शिशुको स्वास्थ्यमा ध्यान दिनुपर्ने विषयमा जानकारी गराइएको थियो ।

नवजात शिशुको अक्सिजनको मात्रा, नाडीको गति, मुटुको धड्कन, जन्डिसको अवस्था, तौल, लम्बाइ, नाभि, आँखा तथा कानको परीक्षण गरिएको थियो । यसले सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्यमा देखिन सक्ने सम्भावित समस्या समयमै पहिचान गर्न तथा आवश्यक परामर्श र सेवा प्रदान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मातृ तथा बाल स्वास्थ्य पुस्तिकामार्फत मातृ तथा बाल स्वास्थ्यसँग सम्बन्धित विभिन्न सेवाहरूलाई एकीकृत र व्यवस्थित रूपमा प्रवाह गरी स्वास्थ्यसम्बन्धी विवरण एउटै पुस्तिकामा अभिलेख राख्ने उद्देश्य राखिएको छ।

पुस्तिकामा बालबालिकाको खोप, पोषण, सरुवा रोग, परिवार नियोजन, व्यक्तिगत तथा वातावरणीय सरसफाइ, स्वास्थ्य स्याहार, स्तनपान, सुरक्षा, वृद्धि अनुगमन, सम्भावित दुर्घटना तथा बाल विकासका सूचकहरू समेटिएका छन्। बालबालिकाको स्वास्थ्य तथा विकाससम्बन्धी विवरण व्यवस्थित रूपमा अभिलेख राख्दै उनीहरूको हुर्काइ र विकासमा अभिभावकलाई जिम्मेवार बनाउने लक्ष्य कार्यक्रमले लिएको छ ।

कार्यक्रममा 'साथ' कार्यक्रमअन्तर्गत गर्भवती महिलाको घरमा सामाजिक नक्साङ्कनअनुसार टीका लगाउने तथा कार्यक्रमबारे परियोजनाका सामाजिक परिचालक सिर्जना बि.क.ले सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रमको उद्देश्यबारे बौर आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख गणेश सुनारले सहजीकरण गरेका थिए । कार्यक्रमका अवसरमा सफल एकता स्वास्थ्य आमा समूहले सुत्केरी महिलालाई पोषणमा सहयोग पुऱ्याउने उद्देश्यले एक क्यारेट अण्डा तथा हरियो साग वितरण गरेको थियो । त्यसैगरी, टिकाराम नेपालले स्वास्थ्य आमा समूहलाई तौल मेसिन हस्तान्तरण गरेका थिए ।

सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य परीक्षण अनमी कृष्ण खड्का र साथ परियोजनाका सामाजिक परिचालक सिर्जना बि.क.ले सहजीकरण गरेकी थिइन ।

कार्यक्रम सफल एकता स्वास्थ्य आमा समूहका अध्यक्ष मनमाया नेपालीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

विद्यार्थी सामान्यज्ञान

१. आज पानी परेछ । वाक्यलाई अकरण बनाउँदा के हुन्छ ?

☛ आज पानी परेनछ ।

२. मायालु शब्दमा कुन प्रत्यय लागेको हुन्छ ?

☛ आलु

३. एकजोर जुत्ता कथाका लेखक को हुन ?

☛ महेश विक्रम शाह

४. विश्वको सबैभन्दा ठूलो मरुभूमि कुन हो ?

☛ साहारा मरुभूमि

५. नेपालमा राणा शासनको अन्त्य कहिले भएको थियो ?

☛ वि.सं २००७

६. पृथ्वीलाई दुई बराबर भागमा बाँड्ने रेखालाई कुन रेखा भनिन्छ ?

☛ भुमध्य रेखा

७ प्रकाश सश्लेषणका लागि आवश्यक पर्ने ग्यास कुन हो ?

☛ कार्वनडाइअक्साईड

८. पदार्थ कति अवस्थामा पाईन्छन् ?

☛ तीन (ठोस, तरल र ग्याँस)

९. अम्लीय पदार्थको स्वाद कस्तो हुन्छ ?

☛ अमिलो

१०. १० प्रतिशत व्याजदरले रु १००० को २ बर्षको व्याज कति हुन्छ ?

☛ रु. २०० हुन्छ ।

११ नेपाली साहित्य इतिहासमा तीन पटक मदन पुरस्कार पाउने व्यक्ति को हुन ?

☛ सत्यमोहन जोशी

१२ सबै प्रकारका विष, सर्पको टोकाइ आदिसँग सम्बन्धित आयुर्वेदिक उपचार पद्धतिलाई के भनिन्छ ।

☛ अगदतन्त्र

१३. मिहिनेती किसानले धेरै धान फलाउँछन् । यस वाकयमा रहेको उद्देश्य कुन हो ?

☛ किसान

१४. नेपालको फिरन्ते जाति भनेर कुन जातिलाई बुझिन्छ ?

☛ राउटे

१५. 'उज्यालो प्रदेश' अभियान कुन प्रदेशको प्रादेशिक अभियान हो

☛ गण्डकी प्रदेश

१६. अक्षांश कुन एकाईमा नापिन्छ ?

☛ डिग्री, मिनेट र सेकेण्ड

१७ आधुनिक पेरियोडिक टेबलमा कार्वनलाई कति स्थानमा राखिएको छ ?

☛ ६ स्थानमा

१८ रु. २००० मा किनेको रेडियो २० प्रतिशत नाफामा बेच्दा कतिमा बेच्नु पर्दछ ।

☛ रु. २४००

१९ नेपालमा कति प्रतिशत नेपालीले मातृ भाषा नेपाली बोल्छन ?

☛ ४४. ८६ प्रतिशत

२० नेपालमा कति प्रतिशत नेपालीले हिन्दू धर्म मान्छन ?

☛ ८१. १९ प्रतिशत

साहित्य सिर्जना

पहाडको वकपत्र

- प्रथा

कहाँ हराए होलान्
छनछनी चुरी बजाउने -
मेरा दुलही हातहरू ?
कसले काटिदियो होला
धुलो कुल्चिएर हिँड्ने
मेरा अक्टोपस खुट्टाहरू ?
कसरी झरे होलान्
हवाई-जहाजसँगै वेगिने
मेरा नौरङ्गी प्वाँखहरू ?
म पनि जान चाहन्थँ
सपनाको राजमार्ग हुँदै
अरबको खाडीतिर !
म पनि उड्न चाहन्थँ
चराहरूझैँ ओथारो बस्न
सात समुद्र पारिसम्म !
जब तिमीले छाडेर गयौ
तब पो थाहा पाएँ
म त पहाड भइसकेको रहेछु !
मेरो काखमा गुराँस फुल्न
कहाँबाट ओर्लन्छ
यो मायालु बसन्त ?
मलाई गिज्याउन यसरी
कताबाट आउँछन
यी फिरन्ते बादलहरू ?
कसरी झर्दो हो
हृदय फुटेपछि
शिरमाथिबाट मनको पहिरो ?
किन छोडेर जान्छ होला
यो घामले हरेक दिन
एउटा अँध्यारो साँझ ?
र कहाँ पुग्छन् होला
मलाई कुल्चिएर जाने
यी नागवेली बाटाहरू ?
मैले बुझ्दै बुझ्नेको छैन
किन चमचमाउँछन्
जुनकिरीहरू आकाशमा ?
मैले देख्दै देखेको छैन
कहाँ छ होला
दुःखीले नुहाउने गहिरो सागर ?
मैले भेट्दै भेटेको छैन
कहाँ छ होला
पीडा बिसाउने मरूभूमिको पठार ?
मैले जान्दै जानेको छैन
कति लामो छ होला
यो प्रेम र घृणा बिचको दुरी ?
म त अनभिज्ञ छु
कुन देशमा पुगेर रोकिन्छ
मेरो आँसुको धारा ?
अहँ, थाहा छैन् मलाई
उस्तै छ कि बदलिसक्यो होला
यो संसार पनि ?
म छैन हुँला
कुनै गायकले गाएको
प्रेमिल गीतजस्तो !
म होइन पनि
कुनै कविले लेखेको
स्वछन्द कविताजस्तो !
म देखिन्न पनि होला
कुनै चित्रकारले
भित्तामा कोरेको चित्रजस्तो !
मैले लुकाएको पनि छैन
आर्कियोलोजिष्टले
भनेजस्तो सुनैसुनको भण्डार !
म त पहाड हुँ
बर्षौंदेखि यसै गरी बगिरहेछु
आँसुको नदी !
थाहा छैन मलाई
यो बेला मन दुखेको हो कि मस्तिष्क ?
तस्बिर खिच्ने क्यामेराले
किन मेरो अनुहारमात्र उतार्छ
हृदय उतार्दैन ?
बस !
मैले त जोगाएर रूनु छ !
म नै रोइनँ भने
फेरि कसले मेटाउँछ र
यो धर्तीको तिर्खा ?

पाण्डवखानीमा ब्याडमिन्टन प्रतियोगिता

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्वर १० पाण्डवखानीमा ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ ।

पाण्डवखानी ब्याडमिन्टन समुहको आयोजनामा ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा पुरुष डबल ब्याडमिन्टन प्रतियोगितामा विकास काउचाको समुह प्रथम र निरज पुनको समुह द्वितीय भएका थिए । त्यस्तै मिक्स डबल ब्याडमिन्टन प्रतियोगितामा भिम सुनारको समुह प्रथम र खिम काउचाको समुह द्वितीय भएका थिए । कार्यक्रममा पाण्डवखानी समाज युकेका उपाध्यक्ष हिरा बहादुर थापाले गलकोट क्षेत्रकै दुर्गम बस्तीमा यस्ता खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना हुनु गौरवको विषय भएको बताए । उनले गाउँमै बसेर आफ्नो कला, संस्कृति, परम्परा र इतिहासको संरक्षण गरिरहेका सम्पूर्ण गाउँवासीहरूलाई धन्यवाद व्यक्त गरेका थिए । उक्त कार्यक्रममा प्रतियोगिता तथा कार्यक्रमलाई सफल बनाउन सहयोग पुऱ्याउने सम्पूर्ण सहयोगदाताहरूलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । कार्यक्रम पाण्डवखानी ब्याडमिन्टन समूहका अध्यक्ष धनबहादुर सुनारको अध्यक्षता, खिम बहादुर काउचाको स्वागत र दिप घर्तीको सञ्चालनमा सम्पन्न भएको थियो ।

वाम दलको शुभकामना कार्यक्रम

गलकोटपत्र/हटिया

गलकोटमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (माओवादी) र राष्ट्रिय जनमोर्चाको संयुक्त आयोजनामा बडा दशैं, शुभदिपावली, छठ पर्व एवं नेपाल संवत्को अवसर पारी गलकोटमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै नेपाली कम्युनिष्ट पार्टीका केन्द्रिय सदस्य फमलाल निउरेले चाडपर्वले समाजमा आपसी सद्भाव, एकता र भाइचाराको भावना बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले चाडपर्वलाई सामाजिक एकता र सहकार्यको अवसरका रूपमा लिनुपर्नेमा जोड दिए । उक्त अवसरमा नेकपा एमालेकी केन्द्रीय सदस्य मञ्जु शर्मा चालिसे, नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य ज्ञामनाथ गैरे 'अनिल', तिलक उप्रेती, राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य वेदिलाल सापकोटा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रम राष्ट्रिय जनमोर्चा गलकोट नगर अध्यक्ष टंक बहादुर केसीको अध्यक्षता, नेकपा एमाले जिल्ला सचिवालय सदस्य डम्बर बहादुर श्रीसको स्वागत र नेपाली कम्युनिष्ट पार्टी गलकोट नगर संयोजक गंगा भुजेलको सञ्चालनमा सम्पन्न भएको थियो ।

आमा समूहद्वारा राहत वितरण

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका-६ ठुलाथरमा वर्षाका कारण क्षति व्यहोरेका २८ घरपरिवारलाई उद्यमशील आमा समूहले राहत वितरण गरेको छ ।

समूहले प्रभावित परिवारको क्षतिको विवरण संकलन गरी कुल १ लाख ५ हजार रुपैयाँ राहत वितरण गरेको हो । वर्षाका कारण घर तथा अन्य संरचनामा क्षति व्यहोरेका परिवारलाई सहयोग गर्ने उद्देश्यले राहत वितरण गरिएको गलकोट नगरपालिका-६ का वडाध्यक्ष रामप्रसाद कँडेलले बताउनुभयो । उनले विपद्का कारण प्रभावित बनेका परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउनु महत्वपूर्ण रहेको उल्लेख गर्दै राहत वितरणले पीडित परिवारलाई केही राहत पुग्ने बताए । राहत वितरण कार्यक्रममा गलकोट नगरपालिकाका कार्यपालिका सदस्य भीमबहादुर विक र ठुलाथर टोल विकास संस्थाका अध्यक्ष शेरबहादुर पुनले मन्तव्य राखेका थिए । उनीहरूले विपद्का कारण समस्यामा परेका परिवारलाई सहयोग गर्नु सामाजिक उत्तरदायित्वसँग जोडिएको विषय भएको बताए ।

उद्यमशील आमा समूहले प्रभावित परिवारको क्षतिको अवस्था पहिचान गरी राहत उपलब्ध गराएको हो । समूहको सहयोगले वर्षाका कारण क्षति व्यहोरेका परिवारलाई तत्कालीन आवश्यकतामा केही सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कार्यक्रम उद्यमशील आमा समूहका अध्यक्ष भीमाकली विकको अध्यक्षता, कोषाध्यक्ष अमृता विकको स्वागत र सदस्य निमा श्रीसको सञ्चालनमा सम्पन्न भएको थियो ।

कार्कीको उपचारका लागि सहयोग

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्बर ५ टेउवाका बोन म्यारो रोगबाट पीडित ५ वर्षीय बालक राजेन्द्र कार्कीको उपचारका लागि आर्थिक सहयोग हस्तान्तरण गरिएको छ ।

युरोपेली मुलुक पोर्चुगलमा कार्यरत निर्दोष खत्रीको नेतृत्वमा त्यहाँ रोजगार तथा व्यवसायको सिलसिलामा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीबाट संकलित एक लाख ५८ हजार ३ सय रुपैयाँ सहयोग रकम हस्तान्तरण गरिएको हो

पोर्चुगलबाट गलकोट आएका भुवन भण्डारीले आज उक्त रकम बालकका दिदी लक्ष्मी कार्कीलाई हस्तान्तरण गरेका थिए । सहयोग रकम हस्तान्तरण गर्दै भण्डारीले बोन म्यारो रोगबाट पीडित बालक राजेन्द्रको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको थियो ।

बालकको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले विदेशमा रहेर पनि नेपालीहरूले देखाएको मानवीय सहयोग र सद्भावप्रति परिवारले आभार व्यक्त गरेको छ ।

चालकको स्वास्थ्य परीक्षण

गलकोटपत्र/हटिया

सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले गलकोट नगरपालिका वडा नं. ३ बतासे डाँडामा चालक र सहचालकको स्वास्थ्य परीक्षण गरिएको छ ।

इलाका प्रहरी कार्यालय गलकोट हटिया, प्रहरी चौकी हटिया र ट्राफिक प्रहरी हटियाको आयोजनामा तथा गलकोट नगर अस्पतालको सहयोगमा चालक र सहचालकको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा २० जना सवारी चालक र २० जना सहचालक गरी कुल ४० जनाको रक्तचाप, मादकपदार्थ सेवनको चेकजाँच गरिएको प्रहरी सहायक हवलदार जनक पन्तले जानकारी दिए ।

सवारी दुर्घटना न्यूनीकरणका लागि चालक तथा सहचालकको स्वास्थ्य अवस्थाबारे जानकारी लिन र सवारी सञ्चालनका क्रममा स्वास्थ्यसम्बन्धी समस्याबाट हुन सक्ने जोखिम कम गर्न कार्यक्रम आयोजना गरिएको ईलाका प्रहरी कार्यालय गलकोटले जनाएको छ । सवारी चालक र सहचालकको स्वास्थ्य अवस्थाले सडक सुरक्षामा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यस्ता कार्यक्रमले सुरक्षित यात्रा र दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा समेत गरिएको छ ।

धौलागिरी अस्पतालमा डायलसिस सेवा

गलकोटपत्र/हटिया

धौलागिरी अस्पतालमा डायलसिस सेवालाई विस्तार गरिएको छ

मृगौला रोगबाट पीडित बिरामीको संख्या बढ्दै गएपछि अस्पतालमा सेवा विस्तार गरिएको हो । ११ वटा मेसिनबाट डायलसिस सेवा प्रदान गर्दै आएकोमा हाल १५ वटा पुर्याइएको छ । यसलाई अझ थप गर्ने योजना रहेको अस्पतालको भनाई छ । धौलागिरी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष श्रीप्रसाद शर्माले यसलाई थप गर्ने योजना सुनाए । 'केही डायलसिस गर्ने बिरामी अझै बाहिर हुनुहुन्छ, उहाँहरुलाईपनि यहिँ डायलसिस गर्ने वातावरण निर्माण गर्ने योजना छ ।' उनले भने-'यसलाई अझ थप गर्नुपर्छ ।' धौलागिरी अस्पतालबाट ६१ जना विरामीले सेवा प्राप्त गर्दै आएका छन् । सेवा विस्तार गरिएसँगै धौलागिरीका मृगौला पीडितकोलागि ठूलो सहयोग पुग्दै आएको छ । यहाँबाट निशुल्क डायलशिस सेवा दिइन्छ ।

यहाँ अझै २५ जना बिरामी डायलशिसको पर्खाईमा रहेका छन् । अस्पतालमा कार्यरत वरिष्ठ नर्स निमा हिताङ जिल्लाका २५ जना बिरामी डायलशिस सेवाको पर्खाइमा रहेको बताइन् । 'यहाँ अझै २५ जना बिरामी डायलशिसको पर्खाइमा हुनुहुन्छ ।' उनले भनिन्-'यहाँहरुलाई यहिँ डायलशिस गर्ने व्यवस्था मिलाउन सक्यौं भने ठूलो राहत हुन्छ ।' धौलागिरी अस्पतालमा डायलसिस सेवा विस्तार गरिएसँगै यस क्षेत्रका मृगौला पीडितलाई सहज भएको छ । डायलशिस गर्ने मेसिनको अभावका कारण पोखरा, कुश्मा लगायतका विभिन्न ठाउँमा जानुपर्ने बाध्यता कम हुँदै गएको छ । नाम र ठेगाना नखुलाउने सर्तमा एक बिरामीले यसभन्दा अघि पोखरामा डायलशिस गराउँदै आएको र अहिले धौलागिरी अस्पतालमै यो सुविधा पाउँदा खुसी व्यक्त गरिन् ।

'पहिला त काठमाण्डौमापनि डायलशिस गरियो, पोखरामापनि गरियो पोखरा, काठमाण्डौ आउजाऊ गर्दा नै समस्या हुन्थ्यो, आर्थिक रुपमापनि खर्चिलो हुन्थ्यो ।' उनले भनिन्-'अहिले यहिँ डायलशिस गर्न पाउँदा खुसी छौं ।' डायलशिस सेवा मृगौला रोगबाट पीडित भएका व्यक्तिहरुको जीवन बचाउने एक प्रमुख उपाय हो । यो सेवालाई अझ प्रभावकारी बनाउन जरुरी छ ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सदभाव र सहिष्णुता कायम गरौं ।

व्यापार व्यवसाय सम्बन्धी अत्यावश्यक जानकारी

१ | नगरपालिका भित्र व्यापार व्यवसाय सञ्चालन गर्नु पूर्व नगरपालिकामा दर्ता गरेर मात्र व्यापार व्यवसाय गर्ने पद्धतिको विकास गरौं ।

२ | दर्ता भएका व्यापार व्यवसायहरुको प्रत्येक वर्ष नियमानुसारको दस्तुर तिरी समयमा नै नविकरण गरीथप दस्तुर तिर्नबाट बचौं ।

३ | सम्पत्ति तथा भूमि सम्बन्धी कर अनिवार्य रुपमा पौष मसान्त भित्र चुक्ता गरौं ।

४ | घर भाडामा प्रयोग गर्ने दिइएका घर धनीले नियमानुसार लाग्ने घरभाडा वापतको रकम समयमा नै चुक्ता गरौं ।

५ | नगरभित्र फुटपाथ तथा घुम्ती व्यापार गर्नु पूर्व नगरपालिकाको स्वीकृति लिएरमात्र गरौं ।

६ | सबै प्रकारका कर दस्तुर र सेवा शुल्क वापतको नगरपालिकामा बुझाउनुपर्ने रकम पौष मसान्त भित्र चुक्ता गरेर थप दस्तुर र जरिवाना तिर्नबाट बचौं ।

७ | समयमै कर तिरौं, समृद्ध नगर निर्माण गर्ने कार्यमा हामी सबैले योगदान गरौं ।

गलकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गलकोट, बागलुङ

नेपाल सरकार
विज्ञापन बोर्ड

गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित गलकोटपत्र साप्ताहिकका लागि : अध्यक्ष-विरेन्द्र श्रेष्ठ, सम्पादक- दिनेश पन्त, व्यवस्थापक- शर्मिला रोका मगर, कार्यकारी सम्पादक-वीरबहादुर चोखाल (९८५७६२५४४५)
कम्प्यूटर- सुमित कुँवर, ९८५७६२२३७२, कार्यालय : गलकोट नगरपालिका-३, हटिया, फोन नं.: ०६८-४१२०४२, ४१२०४३, इमेल-galkotpatra@gmail.com, मुद्रण: नमुना अफसेट प्रेस, बागलुङ